केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/१४/०७६/७७

मितिः २०७६/१२/०५

# सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

यस बैंकबाट 'क', 'ख' , 'ग' र 'घ' वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको **"बैंक वा वित्तीय संस्थाका सञ्चालक र कार्यकारी प्रमुखको नियुक्तिका लागि आवश्यक योग्यता तथा कार्य अनुभव सम्बन्धी विनियमावली, २०७४"** को देहायका विनियमहरुमा संशोधन गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- **मूल विनियमावलीको विनियम ३ को उपविनियम (क) को बुँदा (इ) को सट्टा देहायको बुँदा (इ) राखिएको छ।**

(इ) व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कानून, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको।

- **मूल विनियमावलीको विनियम ४ को उपविनियम (क), (ख) र (ग) को सट्टा देहायको उपविनियम (क), (ख) र (ग) राखिएको छ।**

(क) वाणिज्य बैंक र राष्ट्रियस्तरको विकास बैंकको हकमा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कानून, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कुनै विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा प्रथम श्रेणी वा सो भन्दा माथिको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको।

(ख) राष्ट्रियस्तरको विकास बैंक बाहेकका अन्य विकास बैंक एवं वित्त कम्पनीको हकमा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कानून, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातक उपाधि हासिल गरी कुनै विदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा द्वितिय श्रेणीको अधिकृत वा सो भन्दा माथिको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको।

(ग) लघुवित्त वित्तीय संस्थाको हकमा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, कानुन, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातक उपाधि हासिल गरी कुनै

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

विदेशी बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत वा सो भन्दा माथिको पदमा कम्तीमा दुई वर्षको कार्य अनुभव हासिल गरेको ।

- **मूल विनियमावलीको विनियम ५ को उपविनियम** (क) **को बुँदा** (अ) र (आ) **को सट्टा देहायको बुँदा** (अ) र (आ) **राखिएको छ ।**

(अ) व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, **जनप्रशासन,** कानून, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(आ) चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, **जनप्रशासन,** कानून, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातक उपाधि हासिल गरी बैकिङ तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको ।

- **मूल विनियमावलीको विनियम ५ को उपविनियम** (ख) **को बुँदा** (अ) **को सट्टा देहायको बुँदा** (अ) **राखिएको छ ।**

(अ) चार्टर्ड एकाउण्टेन्सी वा व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन, ग्रामिण विकास, कृषि, समाजशास्त्र, कानून, **सूचना प्रविधि वा कम्प्युटर विज्ञान** विषयमा स्नातक उपाधि हासिल गरी बैकिङ तथा वित्तीय क्षेत्र, सरकारी निकाय, संगठित संस्था, विश्वविद्यालय वा त्यस्तो कार्य गर्ने अन्तर्राष्ट्रिय संघ वा संस्थाको अधिकृत तह वा सो भन्दा माथिको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको ।

भवदीय,

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक